आज मिति २०८१/०१/०३ गतेका दिन लेकवेशी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्याः ३१

बैठक प्रारम्भः १:०० बजे समापनः ३:०० बजे

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | |
| २ | नगर उप-प्रमुख | श्री विमला खड्लुक | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री बखत बहादुर खड्का | |
| ४ | वडा अध्यक्ष | श्री हरिमान घले | |
| ५ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर वुढा | |
| ६ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | |
| ७ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | |
| ८ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | |
| ९ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | |
| १० | का.वा. वडा अध्यक्ष | श्री सुनिता कामी | |
| ११ | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | |
| १२ | वडा अध्यक्ष | श्री मान वहादुर सोमै | |
| १३ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | |
| १४ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १५ | कार्यपालिका सदस्य | श्री सावित्रा नेपाली | Sabitra |
| १६ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १७ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १८ | कार्यपालिका सदस्य | श्री तारादेवी बराल | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | |

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री लीलमति बि.क. | |
| २१ | कार्यपालिका सदस्य | श्री याम बहादुर दमाई | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| २२ | अधिकृत छैठौं | श्री नारायणदत्त तिवारी | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

बजत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१/०१/०३ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

| सि.नं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | विषयगत समिति/शाखा | कै. |
|---|---|---|---|---|
| १ | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २ | लागत सहभागिता गर्ने सम्बन्धमा । | लेकवेशी बृहत खानेपानी आयोजनाको लागि आ.व. ०८१/०८२ मा १ प्रतिशत लागत सहभागिता गर्ने निर्णय हुनुपर्ने । | योजना तथा अनूगमन शाखा | |
| ३ | योजना छनौट तथा सिफारिस सम्बन्धमा । | सडक बोर्ड नेपाल र नगरपालिकाको लागत साझेदारीमा कार्यान्वयन हुने बजेटको ठेक्का भई बचत रकमको योजना छनौट गरी सिफारिस गर्नुपर्ने । | पूर्वाधार विकास शाखा | |
| ४ | अख्तियारी प्रदान सम्बन्धमा । | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी गर्न नगर प्रमुखज्यूलाई अख्तियारी प्रदान गर्ने । | सामाजिक विकास शाखा | |
| ५ | योजना सिफारिस गरी पठाउने सम्बन्धमा । | शहरी पूर्वाधार निर्माण कार्य गर्नका लागि भेरीगंगा नयाँ शहर आयोजना मेहेलकुना, सुर्खेतलाई सिफारिस गर्नुपर्ने । | पूर्वाधार विकास शाखा | |
| ६ | ईलाका प्रहरी कार्यालयलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा । | लेकवेशी नगरपालिकाको नाममा रहेको साविक कल्याण ५(ट) कि.नं.६ को जग्गा ईलाका प्रहरी कार्यालय कल्याणलाई भवन निर्माणका लागि भोगाधिकार सिफारिस गर्नुपर्ने । | प्रशासन शाखा | |
| ७ | कार्यविधि स्विकृत गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिका सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत । | |
| ८ | जिल्ला प्रशासन सुर्खेत बाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा । | लेकवेशी नगरपालिका वडा नं. ८, ९ र १० बाट पायक नपर्ने भनि साविक बमोजिम नै जिल्ला प्रशासन कार्यालय सुर्खेत बाट प्राप्त सेवा सुविधाका लागि निर्णय सहित सिफारिस समेत भै आएको हुँदा माथि उल्लेखित साविकको साटाखानी गाविस हाल लेकवेशी नगरपालिका वडा नं. ८, ९ र १० का जनताहरूलाई जिल्ला प्रशासन कार्यालय सुर्खेत बाटै उक्त सेवा सुविधा प्रदान गर्ने व्यवस्था मिलाउनका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेत मार्फत नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार काठमाडौंमा अनुरोध गर्नुपर्ने । | वडा नं. ८, ९ र १० वडा कार्यालय | |
| ९ | आर्थिक सहायता सम्बन्धमा । | लेकवेशी नगरपालिका वडा नं.१ बस्ने श्री हर्कबहादुर दमाईको बुहारी श्री दलबहादुर परियारको पत्नी श्री सम्झना परियार यसै वडाको रातामाटेमा झुण्डिएको अवस्थामा मृत अवस्थामा फेला परेकोले निजको शव पोष्टमार्टमका लागि प्रदेश अस्पताल सुर्खेत लगि दाहसस्कार स्थल लेकवेशी नगरपालिका वडा नं.१ जहडे सम्म ल्याउनका लागि प्रयोग भएको शववाहन | वडा नं.१ को कार्यालय | |

बजत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

मिति २०८१/०१/०३ गतेको नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु:

निर्णय नं. १

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकबेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना सुर्खेत, लेकबेशी नगरपालिका बृहत खानेपानी आयोजना उपभोक्ता समिति र यस नगरपालिका बीच मिति २०७९/०९/०४ गते भएको जलवायु अनुकुलित लेकबेशी नगरपालिका बृहत खानेपानी आयोजना, लेकबेशी १-१० को आयोजना व्यवस्थापन सम्झौता (MOU) बमोजिम निर्माण लागतमा सहलगानीको लागि आयोजनाको (प्याकेज १) ठेक्का हुने ल.ई. रकमको १% ले हुन आउने रकम रू.२२,२२,२२३/- (अक्षेरूपी बाईस लाख बाईस हजार दुई सय तेइस रूपैयाँ मात्र) लागत सहभागिता बमोजिमको रकम आगामी आ.व. ०८१/०८२ बाट विनियोजन गरी जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

सडक बोर्ड नेपाल र यस नगरपालिकाको साझेदारीमा कार्यान्वयन हुने बजेटको ठेक्का भई बचत भएको रु.३८,५६,४९१/- (अठतिस लाख छपन्न हजार चार सय एकानब्बे रुपैया मात्र) रकमको योजना छनौट गरी कार्यान्वयनका गर्न सहमतिको लागि सडक बोर्ड नेपाललाई तपसिल बमोजिमका योजनाहरु सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपसिल:

१। कुलिमोड – ढोप्ला – कौगने सडक स्तरोन्नती लेकबेशी ४, सुर्खेत ।

२। ठूलो पोखरी देखि उ.मा.वि. काभ्रेखोला सडक स्तरोन्नती लेकबेशी ३, सुर्खेत ।

निर्णय नं. ४

यस कार्यालयबाट "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी गर्न नगर प्रमुखज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

लेकबेशी नगरपालिका अन्तर्गत वडा नं. १, २ र वडा नं. ९ मा शहरी पूर्वाधार निर्माण कार्य गर्नका लागि भेरीगंगा नयाँ शहर आयोजना मेहेलकुना, सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रकाश बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

बखत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

लेकवेशी नगरपालिकाको नाममा रहेको साविक कल्याण ५(ट) कि.नं.६ को ०, २५४३.५ व.मि. जग्गा ईलाका प्रहरी कार्यालय कल्याण सुर्खेतको भवन निर्माण प्रयोजनका लागि भोगाधिकार/लिजका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

लेकवेशी नगरपालिकाको करारमा प्राविधिक/अप्राविधिक र कार्यालय सहयोगी कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७८ खारेज गरी लेकवेशी नगरपालिका सेवा करारमा कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८१ लाई छलफल गरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

लेकवेशी नगरपालिका अन्तरगतको साविक साटाखानी गाविस हाल लेकवेशी नगरपालिका वडा नं. ८,९ र १० का नागरिकहरुलाई जिल्ला प्रशासन कार्यालय सुर्खेतवाट प्राप्त भैरहेको सेवासुविधालाई हाल ईलाका प्रशासन कार्यालय मेहेलकुना सुर्खेतवाट उपलब्ध गराउने निर्णय भएकोमा उक्त निर्णय वाट हामीहरुका लागि दुरी तथा अन्य हिसावले पायक नपर्ने भएकोले साविक बमोजिम नै जिल्ला प्रशासन कार्यालय सुर्खेतवाट प्राप्त भैरहेको सेवा सुविधाकाका लागि सम्वन्धित वडाकार्यालयहरु बाट निर्णय सहित सिफारिस भै आएको हुँदा साविकको साटाखानी गाविस हाल लेकवेशी नगरपालिका वडा नं. ८,९ र १० का नागरिकहरुलाई जिल्ला प्रशासन कार्यालय सुर्खेतवाट सेवा सुविधा प्रदान गर्ने व्यवस्था मिलाईदिनका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेत मार्फत नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

लेकवेशी नगरपालिका वडा नं.१ बस्ने श्री हर्कवहादुर दमाईको बुहारी श्री दलवहादुर परियारको पत्नी श्री सम्झना परियार यसै वडाको रातामाटेमा झुण्डिएको अवस्थामा मृत अवस्थामा फेला परेकोले निजको शव पोष्टमार्टमका लागि प्रदेश अस्पताल सुर्खेत लगि दाहसस्कार स्थल लेकवेशी नगरपालिका वडा नं.१ जहडे सम्म ल्याउनका लागि प्रयोग भएको शववाहन शुल्क मृतकका परिवारको आर्थिक अवस्था कमजोर भई भुक्तानीका लागि १ नं. वडा कार्यालयबाट सिफारिस भई आएको विल अनुसारको रकम लेकवेशी नगरपालिकाको आर्थिक सहायता शिर्षकबाट निजको परिवारका सदस्यलाई सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

११४ औं अन्तराष्ट्रिय महिला दिवश २०८०/११/२५ गते मनाइएकोमा सो दिवस मनाउदा हुन गएको खर्च रु. ४३,८००/-(त्रिचालिस हजार आठ सय मात्र) रकम लेकवेशी नगरपालिकाको आ.व.०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम अन्तरगतको विविध शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

बखत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ११

यस लेकवेशी नगरपालिका अन्तरगत वडा नं. ४ मा १५ शैयाको अस्पताल निर्माणका लागि आवश्यक पर्ने जग्गा वन क्षेत्रको कुल ०.७६ (शुन्य दशमलव सात छ) हेक्टर जग्गा प्रयोग गर्ने प्रयोजनका लागि वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ बमोजिम सो जग्गामा रहेका लगत लिएका रुखहरु हटाउन तथा संरक्षण गर्दा लाग्ने रकम रु. ६६,१५,५११/- वन विकास कोषमा किस्तावन्दी रूपमा रकम जम्मा गर्न तहाँ बिभागलाई सिफारिस गरिदिनु हुन भनि यस कार्यालयको च.नं. १५९६, मिति २०८०/११/०८ गतेको पत्र मार्फत श्री अर्थ मन्त्रालयमा अनुरोध गरी पठाईएकोमा वन नियमावली, २०७९ को अनुसूची - ५१ बमोजिम उक्त रकम सोही नगरपालिकाबाटै किस्तावन्दीमा बुझाउने र अन्य प्रचलित कानून, स्वीकृत मापदण्ड र कार्यविधि बमोजिम गर्ने गरी मिति २०८०/१२/०६ को निर्णयानुसार अनुरोध छ भनि च.नं. ११४८, मिति २०८०/१२/०८ को अर्थ मन्त्रालय र च.नं. १६६४, मिति २०८०/१२/२२ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको गतेको पत्रबाट वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई पत्राचार गरिएकोमा वन विकास कोषको लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा तपसिलमा उल्लेखित तालिका अनुसारको किस्ता भुक्तानी गर्ने गरी निर्माण कार्य सुचारू गर्न समन्वय/सहजीकरण गरिदिनका लागि वन तथा भू-संरक्षण विभाग, काठमाडौंलाई लेखि पठाउने र हाललाई पहिलो किस्ता वापतको रकम लेकवेशी नगरपालिकाको चालु आ.व. ०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत ब.शि.नं. ६०८८८४०४११५, भूमि व्यवस्थापन शाखा शिर्षकबाट जम्मा गर्ने निर्णय गरियो ।

तपसिलः

| आ.व. | जम्मा गर्नुपर्ने रकम (रू.) | कैफियत |
|---|---|---|
| २०८०/०८१ | १,००,०००/- | |
| २०८१/०८२ | १५,००,०००/- | |
| २०८२/०८३ | १५,००,०००/- | |
| २०८३/०८४ | १५,००,०००/- | |
| २०८४/०८५ | २०,१५,५११/- | |
| जम्मा | ६६,१५,५११/- | |

नगर प्रमुख

बखत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत